**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.४५

पुनरावेदन नं. ०७६-RB-०२३८

**मुद्दाः– सुनचोरी पैठारी**

सिराहा जिल्ला महिसोथा गा.वि.स. वडा नं ७ राहदानी नं ०९८३३५७९ बाहक हाल कारागार कार्यालय जगन्नाथ देवल काठमाडौंमा थुनामा रहेका वर्ष २३ को विनोद मुखिया......................................................................१ } पुनरावेदक

**विरुद्ध**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरका भन्सार अधिकृत ठगबहादुर महोत्रा समेतको प्रतिवेदनले नेपाल सरकार...........................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री महेश नारायण दास

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र
शाखा अधिकृत श्री ठाकुरप्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

मुद्दा फैसला गर्ने कार्यालयः- श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाण्डौं

मुद्दा फैसला गर्ने अधिकारीः- श्री विष्णुराज ढकाल

मुद्दा फैसला भएको मितिः– २०७६/११/२७

श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६/११/२७  को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२ भित्रै पुनरावेदन गर्नु पर्नेमा बन्दाबन्दीको अवस्था परेकोले खुकुलो भएको मितिले म्याद भित्र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको  छः-

## तथ्य खण्ड

१. मिति २०७६।०४।१० गते बिहान करिब १०.०० बजेको समयमा **Nepal Airlines** को उडान नं **RA 240** बाट **Qatar** हुदैं काठमाडौं आएका राहदानी **०९८३३५७९** बाहक विनोद मुखियालाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा रहेको रेड च्यानल क्षेत्रमा चेकजाँच गर्ने क्रममा घोषणा नगरी अन्डरवेयरमा भित्री खल्ती बनाई सोमा राखी लुकाई छिपाई राखेको अवस्थामा निजको साथबाट जम्मा तौल ४०० ग्राम सुनको विस्कुट आकारको दुई थान र बाला एक थान गरी जम्मा तीन थान बरामद भएको र निजलाई मौखिक रुपमा सोधनी गर्दा स्वीकार गरेकोले सोही दिन प्रतिवादीलाई पक्राउ गरी बरामदी सुन, बरामदी मुचुल्काको कागज सहित प्रतिवादी विनोद मुखिया र सावुद्दिन अन्सारीलाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा दाखिला हुन आएको।

२. प्रतिवादी विनोद मुखियाले बरामदी सुन मेरो आफ्नै हो, अरु कसैले पठाएको होइन, बैनीको र मेरो विवाह गर्ने र घरायसी प्रयोजनका लागि सुन कतारमा किनेको हो। सुनको भन्सार घोषणा भएको छैन, सुन चोरी हुने डरले अण्डरवेयरमा लुकाएर ल्याएको हो। कतारमा कमाउदै गएको पैसा व्याजमा लगाएको, कम्पनीले चाडपर्वमा बोनस दिन्थ्यो। केही रकम साथीभाइसँग सापटी लिई र कतारको ग्राउण्ड मलमा गीत नाटक हेर्न जादाँ रियाल पैतीस सय भेटेको र यिनै श्रोतको पैसाले सुन किनेको हो। साबुद्दिन अन्सारीलाई चिन्दिन नेपाल भन्सारमा पक्राउ परेपछि मात्र देखेको हो।अन्जानमा गल्ती भयो एक पटकलाई माफ पाउँ भन्ने समेत व्यहोराको विनोद मुखियाको बयान।

३. मिति २०७६।०४।१० गतेका दिन विहान विदेशबाट आउने मानिसलाई होटलसम्म पुऱ्याइदिनका लागि त्रिभुवन विमानस्थलमा यात्रु खोजिरहेको अवस्थामा यात्रुको चाहना अनुसार होटलसम्म पुऱ्याइदिए एक दुई सय कमाउछु कि भनेर एयरपोर्ट गएको थिए। सुन लिन आएको होइन। सुनको बारेमा केही थाहा नभएको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको कर्मचारीले पक्राउ गरी सुन कस्को हो? कस्तो सुन हो भन्सार घोषणा भन्ने

मलाई केही जानकारी समेत नभएको, मैले उनीहरुलाई चिन्दिन नेपाल भन्सारमा पक्राउ परेपछि मात्र उनीहरुलाई देखेको हो। नेपालका कानून बारेमा थाहा नभएको अन्जानमा गल्ती हुन गयो एक पटकलाई माफ पाउँ भन्ने समेत बेहोराको साबुद्दिन अन्सारीको बयान।

४. बरामदी मुचुल्का, प्रतिवादीहरु विनोद मुखियाको बयान र सावुद्दिन अन्सारीको बयान तथा मिसिल संलग्न कागजातको अध्ययन गर्दा प्रतिवादी विनोद मुखियाले भन्सार ऐन, २०६४ को दफा १८ बमोजिम घोषणा गर्नु पर्नेमा कही कतै घोषणा नगरी आफूले लगाएको अन्डरवेयरमा लुकाई छिपाई सकेसम्म भन्सार कार्यालयमा खटिएका कर्मचारीहरुलाई छकाएर चोरी पैठारी गर्ने मनसायले ल्याएको देखिएकाले उक्त कार्य भन्सार ऐन, २०६४ को दफा ५७ (१ग) बमोजिमको कसुर अपराध गरेको ठहरेको हुदाँ बरामदित ४०० ग्राम सुन ऐ. ऐनको दफा ५७ को उपदफा (१ग) बमोजिम जफत हुने र सोही बरामदीत सुनको विगो कायम अनुसार रू.२२,२९,२००।— विनोद मुखियालाई जरिवाना हुने, त्यस्तै सोही ऐनको उपदफा (१ग) को खण्ड(क) बमोजिम एक महिना कैद हुने ठहर्छ। साबुद्दिन अन्सारीको हकमा जिल्ला सरकारी वकिल कार्यालय बबरमहल, काठमाडौंबाट निजको हकमा मुद्दा नचल्ने भनी निर्णय भई आएको हुदाँ निजको सम्बन्धमा केही गरिरहनु परेन भन्ने समेत व्यहोराको मिति २०७६/११/२७ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको निर्णय।

५. पुनरावेदक विनोद मुखिया गरिब नेपाली नागरिक र विल्कुल अनपढ रहेको तथा विदेशमा खाई नखाई पैसा बचत गरेर राखेको रकमबाट विवाह गर्ने प्रयोजनको लागि उक्त सुन खरिद गरि नेपाल फर्किने क्रममा त्रिभुवन विमानस्थल भित्र यात्रु जाँचपास गर्ने क्रममा सुन घोषणा गर्नुपर्ने विषयमा थाहा जानकारी नभएको र त्यहाँ स्थित ड्युटीमा कार्यरत कर्मचारीले कुनै सहयोग नगरेको, सुनको बिल देखाउँदा समेत पुनरावेदकलाई पक्राउ गरेको, किनेर ल्याएको सुन नहराओस् र सुनको सुरक्षाको लागि अन्डरवेयर भित्र खल्ती बनाई राखेको लुकाई छिपाई सुन चोरी गर्ने मनसाय पनि नरहेकोमा पुनरावेदकको निर्दोषिता र सुनको बिल तर्फ मुल्याङ्कन नगरी केबल कसुरदार ठहराउने गरी कानूनी प्रावधान तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादीत न्यायिक सिद्धान्त तथा प्राकृतिक न्यायको सिद्धान्त विपरीत मिति २०७६/११/२७ गतेको श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय निर्णय बदर गरी निजलाई अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला गरी न्याय गरी पाउँ भन्ने समेत बेहोराको पुनरावेदनपत्र।

६. यसमा मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई

नियमानुसार गरी पेश गर्नु भन्ने मितिः२०७७।०८।२६ को यस न्यायधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एंव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी विनोद मुखियाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री महेश नारायण दासले यी प्रतिवादी विनोद मुखिया **Nepal Airliness RA 240** कतारबाट काठमाडौ आउने क्रममा त्रिभुवन विमानस्थल भंसार कार्यालयमा यात्रु जाँचपास गर्ने क्रममा निजले लगाएको अण्डवेयरभित्र विष्कुट आकारको सुन दुई थान र वाला आकारको सुन एक थान गरी जम्मा तीन थान ४०० ग्राम बरामद भएको , उक्त बरामदित सुन ४०० ग्राम घरायसी प्रयोगको लागि कतारबाट किनी ल्याएको, उक्त सुन लुकाई छिपाई नभई सुन सुरक्षाको लागि अण्डवेयरभित्र खल्ती बनाई राखेको हो। निज निर्दोष र सुनको विल तर्फ कुनै मुल्याङ्कन नगरी भन्सार ऐन,२०६४ को दफा ५७ (१) बमोजिम कसूर नगरेको अवस्था हुदाँ कसुरदार कायम गर्ने गरि भएको शुरु कार्यालयको निर्णय बदर गरि निजले सफाई पाउनुपर्छ भन्ने समेत बहस सुनियो।

८. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले प्रतिवादीबाट बरामद भएको सुन निजकै हो।यी प्रतिवादी विनोद मुखिया त्रिभुवन विमानस्थलको यात्रु जाँचपासको क्रममा निजको अण्डरवेयरभित्र खल्ती बनाई विष्कुट आकारको सुन दुई थान र वाला आकारको सुन एक थान गरी जम्मा तीन थान ४०० ग्राम बरामद भएको, ५० ग्राम सोभन्दा बढी सून ल्याएमा सोको प्रज्ञापनपत्र समेत उल्लेख गर्नुपर्नेमा निजले गरेको देखिदैन।निजले आफुबाट बरामद नभएको भन्ने कुनै जिकीर समेत लिन सकेको छैन ।भन्सार ऐन,२०६४ को दफा ५७(१ग) बमोजिम निजले कसुर गरेको देखिदाँ शूरु कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने जिकीर समेत सुनियो।

९. उपरोक्तानुसारको तथ्य, बहस तथा पुनरावेदन जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

१०. निर्णय तर्फ विचार गर्दा, मिति २०७६।०४।१० गते **Nepal Airlines** को उडान नं **RA 240** बाट **Qatar** हुदैं काठमाडौं आएका विनोद मुखियालाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा रहेको रेड च्यानल क्षेत्रमा चेकजाँच गर्ने क्रममा घोषणा नगरी अन्डरवेयरमा भित्री खल्ती बनाई सोमा राखी लुकाई छिपाई राखेको अवस्थामा निजको

साथबाट जम्मा तौल ४०० ग्राम सुनको विस्कुट आकारको दुई थान र बाला एक थान गरी जम्मा तीन थान बरामद भई निजलाई पक्राउ गरी भन्सार ऐन,२०६४ बमोजिम कारवाही गरि सुन चोरी पैठारीमा सजाय गरी पाउँन प्रस्तुत मुद्दाको उठान भएको पाइयो ।

११. बरामदी मुचुल्का, प्रतिवादीको बयान तथा मिसिल संलग्न कागजातबाट यी प्रतिवादी विनोद मुखियाले भन्सार ऐन, २०६४ को दफा १८ बमोजिम विदेशबाट सुन ल्याएको व्यहोरा घोषणा गर्नुपर्नेमा कही कतै घोषणा नगरी आफूले लगाएको अन्डरवेयरमा लुकाई छिपाई सकेसम्म भन्सार कार्यालयमा खटिएका कर्मचारीहरुलाई छकाएर चोरी पैठारी गर्ने मनसायले ल्याएको देखिएकाले उक्त कार्य भन्सार ऐन, २०६४ को दफा ५७ (१ग) बमोजिमको कसुर अपराध गरेको ठहरेको हुदाँ बरामदित ४०० ग्राम सुन ऐ. ऐनको दफा ५७ को उपदफा (१ग) बमोजिम जफत हुने र सोही बरामदित सुनको विगो कायम अनुसार रू.२२,२९,२००।— जरिवाना हुने, त्यस्तै सोही ऐनको उपदफा (१ग) को खण्ड(क) बमोजिम एक महिना कैद हुने भनि त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/११/२७ गते निर्णय भएको देखियो।

१२. त्यस्तै प्रतिवादी विनोद मुखियाले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा पनि आफुबाट सुन बरामद भएकोमा सावित नै देखिन्छन् । आफुले कतारबाट काठमाडौं आउने क्रममा ४०० ग्राम सुन आफ्नो र बहिनीको विवाहको लागी ल्याएको उक्त सुन चोरी हुने डरले अण्डरवेयरमा लुकाइएको हो। घरायसी प्रयोगका लागी कतारबाट नै किनि ल्याएको भनि साविती बयान गरी उक्त सुन कानुन बमोजिम यथास्थितिमा भन्सार विन्दुमा घोषणा गरेको वा प्रज्ञापनपत्र भरेको भन्न सकेको पाईदैन।तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार विदेशबाट आउने व्यक्तिले घरायसी प्रयोजनको झिटी गुन्टा वापत ५० ग्राम सम्म सुन ल्याउन पाउनेमा सो भन्दा बढी ४०० ग्राम कांचो सुन ल्याएको प्रतिवादीको उक्त कार्य भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसार कसुर देखिन आयो।निजले कसुरबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिन्न।

१३. तसर्थ यी प्रतिवादी विनोद मुखियाको साथबाट अण्डरवेयर भित्र विष्कुट आकारको सुन दुई थान र वाला आकारको सुन एक थान गरी जम्मा तीन थान ४०० ग्राम सुन बरामद भएको भन्ने प्रतिवादीको साविती बयान एवं बरामदी मुचुल्का व्यहोराबाट समेत पुष्टि हुन आएको देखिदां भंसार ऐन, २०६४ को दफा ५७(१) बमोजिम अवैध रुपमा सुन चोरी पैठारी गरेको कसुर स्थापित हुन आएकोले उक्त कसुर वापतमा ऐ.ऐनको दफा ५७(१ग) बमोजिम अवैध रुपमा पैठारी गरिएको सुन जफत भई विगो बमोजिम रु.२२,२९,२००।— जरिवाना तथा सोही ऐनको उपदफा (१ग) को खण्ड(क) बमोजिम एक महिना कैद हुने ठहर्‍याई त्रिभुवन

विमानस्थल भन्सार कार्यालयबाट मिति२०७६/११/२७/३ मा भएको फैसला मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-----------------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू---------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू---------------------------------३

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजश्व सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री सनिता लामा

टिपोट गर्ने डिठ्ठा श्री सुनिता थापा

इतिसम्बत २०७७ साल पुष २९ गते रोज ४ शुभम............................................